# काउली र बन्दा खेती प्रविधि





**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

**जोन कार्यान्वयन इकाई**

**सिधुवा, धनकुटा**

# काउली र बन्दा खेती प्रविधि

## CAULIFLOWER AND CABBAGE PRODUCTION TECHNOLOGY

**कृष्ण पौडेल**
**बैज्ञानिक**
**नेपाल कृषि अनुसन्धान परिषद्**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
जोन कार्यान्वयन ईकाइ,
सिंधुवा, धनकुटा

असोज २०७४

**प्रकाशनाधिकार**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

**प्रकाशक**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

इमेलः zonedhankuta@gmail.com

फोन नम्बरः ०२६४०४१९०

**उद्धरण**

पौडेल, के. (२०७४) । काउली र बन्दा खेती प्रविधि । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना ।

**कम्प्युटर ले आउट, ग्राफिक्स**

**आवरण तस्वीर**

बजारका लागी तयार भएको काउली र बन्दाको फुल तथा डल्ला

# विषय सुचि


१. काउली

२. बन्दा

३. काउली तथा बन्दामा लाग्ने रोग र तिनको व्यवस्थापन
- ३.१. अल्टरनेरिया/पात थोप्ले रोग
- ३.२. डाँठ कुहिने रोग
- ३.३. ब्याक्टेरियाबाट नसा कालो भई कुहिने रोग (कालो सडन)
- ३.४. गाँठे रोग

४. काउली तथा बन्दामा लाग्ने कीरा र तिनको व्यवस्थापन
- ४.१. खुम्रे कीरा
- ४.२. फेदकटुवा
- ४.३. बन्दाको पुतली
- ४.४. इँटबुट्टे पुतली
- ४.५. लाही कीरा

५. काउलीमा देखिने विकृतिहरु
- ५.१. शारीरिक विकृतिहरु
  - ५.१.१. बटनिङ्ग
  - ५.१.२. राइसिनेस
- ५.२. सूक्ष्म खाद्यतत्वको कमीबाट हुने विकृतिहरु
  - ५.२.१. बोरन (खैरो काउली)
  - ५.२.२. मोलिब्डेनम (ह्विपटेल)

६. सन्दर्भ सामाग्री

# काउली र बन्दा खेती प्रविधि

## १. काउली

**परिचयः**

कुर्सिफेरी परिवार अन्तर्गत पर्ने काउली नेपालको जाडो मौसममा हुने एक प्रमुख तरकारी बाली हो । मौसम अनुसार नेपालमा तराई देखि उच्च पहाडी क्षेत्रसम्म पनि यसको खेती गर्न सकिन्छ । तराई र मध्य-पहाडमा जाडो मौसममा खेती गरिन्छ भने उच्च-पहाडमा यसको खेती गर्मी मौसममा गरिन्छ । यसको तरकारी खाने भागलाई कर्ड भनिन्छ । यसबाट अचार पकौडी साथै सुकाएर गर्मि याममा तरकारी खाने प्रचलन पनि छ । काउलीमा हामीलाई चाहिने खनीज तत्व फस्फोरस, पोटासीयम, आयरन, भिटामिन बि., ए र सी को केही मात्रा पाइन्छ । यसका पातहरुलाई पशु आहारका रुपमा प्रयोग गर्न सकिन्छ । पौष्टिक हिसाबले काउली र बन्दामा बिभिन्न तत्वहरु पाईन्छन् जसको बिवरण तलको तालिकामा दिईएको छ ।

**प्रति १०० ग्राम काउली तथा बन्दामा पाइने पोषक तत्वहरु**

| **पोषक तत्व** | **काउली** | **बन्दा** |
|---|---|---|
| शक्ति | २५ कि.क्या | २५ कि.क्या |
| कार्बोहाइडेट | ५ ग्राम | ५.८ ग्राम |
| प्रोटिन | १.९ ग्राम | १.२८ ग्राम |
| चिल्लो पदार्थ | ०.३ ग्राम | ०.१ ग्राम |
| रेशा | २.० ग्राम | २.५ ग्राम |
| भिटामिन बी १ | ०.०५ मिलि ग्राम | ०.०६१ मिलि ग्राम |
| भिटामिन बी २ | ०.०६ मिलि ग्राम | ०.०४ मिलि ग्राम |
| भिटामिन सी | ४८.२ मिलि ग्राम | ३६.६ मिलि ग्राम |
| भिटामिन इ | ०.०८ मिलि ग्राम | |
| भिटामिन के | १५.५ माईको ग्राम | ७६ माईको ग्राम |
| क्याल्सीयम | २२ मिलि ग्राम | ४० मिलि ग्राम |
| फलाम | ०.४२ मिलि ग्राम | ०.४७ मिलि ग्राम |
| म्याग्नेसियम | १५ मिलि ग्राम | १२ मिलि ग्राम |
| म्यागनीज | ०.१५५ मिलि ग्राम | ०.१६ मिलि ग्राम |
| फस्फोरस | ४४ मिलि ग्राम | २६ मिलि ग्राम |
| पोटासियम | २९९ मिलि ग्राम | १७० मिलि ग्राम |
| सोडियम | ३० मिलि ग्राम | १८ मिलि ग्राम |
| जिंक | ०.२७ मिलि ग्राम | ०.१८ मिलि ग्राम |

Source: Cauliflower and cabbage, wikipedia, 2017

**हावापानीः**

काउलीलाई एक प्रमुख हिउदे तरकारी बालीका रुपमा लिईन्छ । यो बालीले बन्दागोभी सरह ज्यादा गर्मी सहन सक्दैन । यसलाई १५$^{\circ}$ देखि २५$^{\circ}$से तापक्रम चाहिन्छ । बिरुवाको लागी

चाहिने उचित तापक्रम भन्दा बढी भएमा बिरुवा बानस्पतिक विकासको अवस्थामा रहिरहन्छ र बिरुवामा बढी पातहरु लाग्दछ ।

**जातहरुः**

काठमाण्डौ स्थानीयः यो जात मध्य-पहाडी क्षेत्रका लागि उपयुक्त जात हो । यो बेर्ना सारेको १००-११० दिनमा तरकारीका लागी तयार हुन्छ ।

ज्यापुः यो काठमाण्डौ स्थानीयबाट छनौट गरिएको जात हो । काठमाण्डौ स्थानीय भन्दा केही छिटो तयार हुन्छ । तरकारी खानका लागि ८०-९५ दिनमा तयार हुन्छ ।

किबो जायन्टः यो पछौटे जात हो । बेर्ना सारेको १२०-१४० दिनमा तरकारी खानको लागि तयार हुन्छ ।

डोल्पा स्नोबलः यो पछौटे जात हो । यो जातको काउली उच्च-पहाडको लागि सिफारिस गरिएको छ । खानको लागि ११०-१२० दिनमा तयार हुन्छ ।

खुमल ज्यापूः यो जात मध्य-पहाडी क्षेत्रका लागि उपयुक्त जात हो । यो खुल्ला सेचन हुने जात हो । यो काउलीको रंग क्रिमी सेतो हुन्छ र भदौ पहिलो हप्ता यसको बेर्ना सारिन्छ ।

## नर्सरी व्यवस्थापन र लगाउने समय

नर्सरीको लागी पानी नजम्ने, बलौटे दोमट माटो, पारिलो, सिँचाइ सुविधा भएको ठाउँ उपर्युक्त हुन्छ । नर्सरी घर नजिक वा सुरक्षित एवं सजिलैसँग रेखदेख गर्न सकिने ठाउँमा हुनुपर्दछ । सामान्यतय नर्सरीका लागी १ मि. चौडाइ र आवश्यकतानुसार लम्बाइ भएको नर्सरी बनाउनु पर्दछ । नर्सरी बनाउने जग्गामा सौर्यताप प्रविधि अर्थात सोलराइजेशनबाट माटोको निर्मलीकरण गर्नु पर्दछ । यसो गर्नाले नर्सरीमा झरपात तथा किराको प्रकोप कम हुन्छ । नर्सरी व्याडको माटोको उपचार मालाथियान र वेविस्टन प्रति वर्गमिटर २ ग्रामका दरले प्रयोग गरेर बीउ राख्नु पर्दछ । साथै ४/५ के.जी. राम्रोसँग पाकेको कम्पोष्ट मल अथवा गोबर मल प्रतिवर्ग मिटरका दरले राख्नु पर्दछ ।

वर्षायामको नर्सरीका लागि १५ से.मि. उचाइको नर्सरी व्याड बनाउनु पर्दछ र वर्षात्को पानीबाट बेर्ना जोगाउन १.५ मि. जति अग्लो छाप्रो तथा प्लाष्टिकको छानोको प्रयोग गर्नु पर्दछ । तयार भएको नर्सरी व्याडमा कुटो वा काठको छेस्काले लाइन कोरी ५ से.मी.को फरकमा बीउ खसाल्नु पर्दछ । १ रोपनी जमिनका लागि वर्णशङ्कर जातको भए १० ग्राम अर्थात् उन्नत जातको लागि २५ देखि ३० ग्राम बीउ आवश्यक पर्दछ । नर्सरीमा बेर्ना कुहिने रोग देखा परेमा ढुसीनासक विषादी १ ग्राम प्रतिलिटर पानीमा प्रतिवर्ग मि. का दरले १५ दिनको फरक आवश्यकतानुसार छर्नु पर्दछ ।

अगौटे काउलीको जात भए १८ देखि २० दिन, मध्यम जात भए २० देखि २५ दिन र पछौटे जात भए २५ देखि ३० दिनमा बेर्ना सार्न लायक हुन्छ । बेर्ना उखेल्नु भन्दा अघि नर्सरी ब्याडलाई पानीले सिँचाइ गरी राम्रोसँग भिजाउनु पर्दछ । बेर्नाको अवस्था हेरी जर्खराउनु परेमा रोप्नु भन्दा २-४ दिन अघि नर्सरीमा सिंचाई नगर्ने । बेर्ना सार्दा सधैं साँझको समयमा मात्र सार्नु पर्दछ । बेर्ना सार्दा कुटोको सहयोगले खाडलको माटो र मल राम्रोसँग मिलाउनु पर्दछ । खाडलको बीच भागमा नर्सरीमा माटोले छोपिए जति भाग माटो मुनी छोपिने गरी बेर्ना सार्नु पर्दछ र बेर्ना सारिसके पछि बेर्नाको वरिपरिको माटो विस्तारै थिचि हजारीको सहयोगले हल्का रुपमा तुरुन्तै सिँचाइ गर्नु पर्दछ ।

**जग्गाको तयारीः**

काउली खेती प्राय सबै प्रकारको माटोमा गारिन्छ । राम्रो उत्पादन लिनको लागि भने मलिलो बलौटे दोमट किसिमको माटो उपयुक्त हुन्छ । प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थ भएको माटो र पानीको निकासको पनि राम्रो व्यवस्था भएको हुनुपर्दछ । छनौट गरिएको जग्गालाई ३-४ पटकसम्म राम्रोसँग खनजोत गरि डल्ला फुटाउनु पर्दछ । जग्गाको पि.एच.५-५ देखि ६.५ को विच हुन जरुरी हुन्छ ।

**बिरुवा लगाउने दुरीः**

अगौटे जातको काउली खेतीका लागी ४५ x ४५ से.मि. र मध्यम तथा पछौटे जातका लागी ६० x ४५ से.मि. को दुरीमा रोप्नुपर्दछ ।

**मलखादः**

काउली खेतीलाई प्रशस्तमात्रामा मलखाद चाहिन्छ । कम्पोष्ट मल २५-३० मेट्रिक टन र रसायनिक मल १२०:८०:६० किलो नाईट्रोजन, फस्फोरस र पोटास प्रति हेक्टरको दरले प्रयोग गर्नु पर्दछ । यसको अलावा २० किलो बोरेक्स र १-१.५ किलो सोडियम् मोलिब्डेट प्रति हेक्टरका दरले माटोमा प्रयोग गर्नु पर्दछ । बेर्ना रोपेको एक महिनामा बिरुवामा पहिलो टपड्रेस गर्नुपर्दछ भने ४५-५० दिनमा दोस्रो टपड्रेसगरि माटो चढाउनु पर्दछ । यसो गर्नाले बोटहरुलाई ढल्नबाट बचाउन सकिन्छ ।

**सिंचाईः**

बेर्ना राम्ररी नसरुन्जेलसम्म प्रत्येक दिन हजारीको सहायताले हल्का सिँचाई गर्नु पर्दछ । बिरुवा सरिसकेपछि भने आवश्यकताका आधारमा माटोको चिस्यान हेरि १०-१५ दिनको फरकमा बिरुवालाई सिंचाई दिनुपर्दछ ।

**बाली टिपाइ**

काउली फूल परिपक्व तथा आकर्षक भएपछि काटनु वा टिप्नु पर्दछ । काउली टिप्दा कम्तिमा ३-४ वटा कलिलो पात राख्नु पर्दछ । बजारको माग अनुसार सानो/ठूलो छुट्याउनु पर्दछ । काउली टिप्दा सकभर साँझपख घाम अस्ताउने बेलामामात्र टिप्नु पर्दछ । बिहानको समयमा टिप्नु परेमा शीत ओभाएपछि टिप्न सकिन्छ । टिपेपछि कम्तीमा २/४ घण्टा जति घामको

प्रकाश नपर्ने ठाउँमा राखी क्युरिङ्ग गर्नु पर्दछ । काउलीलाई प्लाष्टिकको क्रेट वा बाँसको टोकरी प्रयोग गरी ढुवानी गर्नु पर्दछ । क्रेट वा बाँसको टोकरी प्रयोग गरेमा ढुवानी गर्दा कम मात्रामा नोक्सान हुन्छ ।

**उत्पादन**

जात, ठाउँ तथा लगाउने समय अनुसार काउलीको उत्पादनमा फरक पर्न सक्छ । सरदर एक हेक्टरमा २० देखि ५० टन सम्म उत्पादन लिन सकिन्छ ।

**बजार व्यवस्थापन**

बजारको मागअनुसार उत्पादन हुनेगरी ठीक समयमा क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । बजारमा हुने जोखिमहरुमा मूल्य घट्ने, कुहिने, बजार बन्द हुने, आम हडताल आदि बारे पनि पूर्वानुमान र विश्लेषण गर्नु पर्दछ । समूहगत रूपमा उत्पादन गरी ढुवानी साधनमा परिमाण पुग्ने खालको हुनु पर्दछ । यसै गरी मागलाई ध्यानमा राखी नियमित रूपले आपूर्तिको व्यवस्था मिलाउनु पर्दछ ।

## २. बन्दा

**परिचयः**

कुर्सिफेरी परिवार अन्तर्गत पर्ने बन्दा पनि नेपालको एक प्रमुख तरकारी बाली हो । यसको खेती नेपालको तराई देखि उच्च पहाडी क्षेत्रसम्म पनि गर्न सकिन्छ । तराईमा जाडो मौसममा खेती गरिन्छ भने मध्य तथा उच्च-पहाडमा यसको खेती वर्षै भरि गर्न सकिन्छ ।

**हावापानीः**

जाडो मौसममा खेती गरिने बन्दाको लागी चिसो हावा पानी उपर्युक्त मानिन्छ । यो बालीले काउली भन्दा केहि ज्यादा तपक्रम सहन सक्दछ । यसलाई १५° देखि २८°से तापक्रममा पनि उत्पादन गर्न सकिन्छ ।

**जातहरुः**

कोपनहेगन मार्केटः यो जातको बन्दाको डल्ला हरियो रंगको, कस्सिएको, अण्डा आकारको गोलो र थोरै चुच्चो परेको हुन्छ । यो बेर्ना सारेको ७०-९० दिनमा तयार हुन्छ । यसको उत्पादन क्षमता सरदर ३०-४० मे.टन रहेको छ ।

प्राईड अफ इन्डियाः यो जातको बन्दाको डल्ला हरियो रंगको, थोरै कडा तथा मध्यम खालको गोलो हुन्छ । यो बेर्ना सारेको ६५-८० दिनमा तयार हुन्छ । यसको उत्पादन क्षमता सरदर २०-३० मे.टन रहेको छ ।

ग्रिन कोरोनेटः यो जातको बन्दाको डल्ला गाढा हरियो रंगको, कस्सिएको, चेप्टोगोलाकारको हुन्छ । यो जातमा डल्ला फुट्ने समस्या कम हुन्छ । यो बेर्ना सारेको ७०-८० दिनमा तयार हुन्छ । यसको डल्लाको औसत तौल १.६-२.८ किलो सम्म हुन्छ ।

नेपाल ग्रिनः यो जातको बन्दाको डल्ला गाढा हरियो रंगको, कस्सिएको, चौडाकारको हुन्छ । यो बेर्ना सारेको ५५-६० दिनमा तयार हुन्छ । यसको डल्लाको औसत तौल १.५-१.८ किलो सम्म हुन्छ ।

ग्रिन स्टोनः यो जातको बन्दाको डल्ला हरियो रंगको गोलाकारको हुन्छ । यो बेर्ना सारेको ५५-६५ दिनमा तयार हुन्छ । यसको डल्लाको औसत तौल १-१.५ किलो सम्म हुन्छ ।

**नर्सरी व्यवस्थापन र लगाउने समय**

काउली बालीलाई जस्तै बन्दालाई पनि नर्सरीको लागी पानी नजम्ने, बलौटे दोमट माटो, पारिलो, सिँचाइ सुविधा भएको ठाउँ उपर्युक्त हुन्छ । नर्सरीका लागी १ मि. चौडाइ र आवश्यकता अनुसार लम्बाइ भएको नर्सरी बनाउनु पर्दछ । नर्सरी व्याडको माटोको उपचार मालाथियान र वेविस्टन प्रति वर्गमिटर २ ग्रामका दरले प्रयोग गरेर बीउ राख्नु पर्दछ । साथै ४/५ के.जी. राम्रोसँग पाकेको कम्पोष्ट मल अथवा गोबर मल  प्रतिवर्ग मिटरका दरले राख्नु

पर्दछ । तयार भएको नर्सरी व्याडमा कुटो वा काठको छेस्काले लाइन कोरी ५ से.मी.को फरकमा बीउ खसाल्नु पर्दछ । १ रोपनी जमिनका लागि वर्णशङ्कर जातको भए १० ग्राम अर्थात् उन्नत जातको लागि २५ देखि ३० ग्राम बीउ आवश्यक पर्दछ ।

नर्सरीमा बीउ राखेको २० देखि २५ दिनमा बेर्ना सार्नका लागी तयार हुन्छ । बेर्ना उखेल्नु अघि नर्सरी व्याडलाई पानीले सिँचाइ गरी राम्रोसँग भिजाउनु पर्दछ । बेर्ना सार्दा सधै साँझको समयमा मात्र सार्नु पर्दछ । बेर्ना सारिसके पछि बेर्नाको वरिपरिको माटो विस्तारै थिचि हजारीको सहयोगले हल्का रुपमा सिँचाइ गर्नु पर्दछ ।

**जग्गाको तयारीः**

बनदा खेतीबाट राम्रो उत्पादन लिनका लागि मलिलो, बलौटे दोमट किसिमको माटो उपयुक्त हुन्छ । प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थ भएको र पानीको निकासको राम्रो व्यवस्था भएको माटो हुनुपर्दछ । बन्दा लगाउने जग्गाको पि.एच. ६ देखि ६.५ सम्म भएमा उपर्युक्त मानिन्छ ।

**बिरुवा लगाउने दुरीः**

खुल्ला सेचित जातहरुका का लागी ६० x ४५ से.मि. र हाइब्रिडहरुका लागी ४५ x ४५ वा ४५ x ३० से.मि. को दुरीमा रोप्नुपर्दछ ।

**मलखादः**

काउली खेतीलाई प्रशस्तमात्रामा मलखाद चाहिन्छ । कम्पोष्ट मल २५-३० मेट्रिक टन र रसायनिक मल १००:८०:५० किलो नाईट्रोजन, फस्फोरस र पोटास प्रति हेक्टरको दरले प्रयोग गर्नु पर्दछ । बेर्ना रोपेको एक महिनामा बिरुवामा बाँकी आधा भाग नाईट्रोजन मललाई टपड्रेसका रुपमा प्रयोग गर्नुपर्दछ ।

**सिंचाईः**

बेर्ना राम्ररी नसरुन्जेलसम्म प्रत्येक दिन हजारीको सहायताले हल्का सिँचाई गर्नु पर्दछ । बिरुवा सरिसकेपछि भने आवश्यकताका आधारमा माटोको चिस्यान हेरि १०-१५ दिनको फरकमा बिरुवालाई सिंचाई दिनुपर्दछ ।

**बाली टिपाइ**

जात, सिजन तथा मौसम अनुसार बन्दा टिप्ने समय फरक पर्दछ । बन्दाको डल्लालाई हातले छामेर बन्दा टिप्न तयार भए नभएको थाहा पाउन सकिन्छ । बाली काटे पछि रोग लागेका पातहरुलाई हटाउनु पर्दछ । बन्दा टिप्दा सकभर साँझपख घाम अस्ताउने बेलामामात्र टिप्नु पर्दछ । टिपेका बन्दाहरुलाई बाँसको टोकरी, डोको वा बोरामा प्याक गरी ढुवानी गर्नु पर्दछ ।

**उत्पादन**

जात, ठाउँ तथा लगाउने समय अनुसार बन्दाको उत्पादनमा फरक पर्दछ । सरदर एक हेक्टरमा २० देखि ५० टन सम्म उत्पादन लिन सकिन्छ ।

## ३. काउली तथा बन्दामा लाग्ने रोग र तिनको व्यवस्थापन

काउली तथा बन्दा खेतीका प्रमुख रोगहरु अल्टरनेरिया/पात थोप्ले, डाँठ कुहिने, कालो सडन/कुहिने, गाँठे रोगे आदि हुन् ।

### ३.१. अल्टरनेरिया/पात थोप्ले रोगः

थोप्ले रोगले बिरुवाको पातहरुमा कालो चक्र आकारका थोप्लाहरू देखिन्छन् । बन्दाको डल्लाहरुमा थोप्लाहरूको संख्या बढेर कालै हुन्छ । रोगको प्रकोप बढ्दै गएमा काउलीको खाने भागमा समेत लक्षण देखा पर्दछ र अन्त्यमा सम्पूर्ण सेतो भाग कालो हुन्छ ।

थोप्ले रोग व्यवस्थापनका लागि:

- ✓ रोगी पात र अन्य झारपात बटुलेर जलाउनु पर्दछ ।
- ✓ ब्लाइटक्स २ ग्राम प्रति के.जि. बिउका दरले बीउ उपचार गर्नु पर्दछ ।
- ✓ डाइथेन एम ४५ दुई ग्राम प्रतिलिटर पानीमा मिसाइ ७ देखि १० दिनको फरकमा २/३ पटकसम्म प्रयोग गर्नु पर्दछ ।

### ३.२. डाँठ कुहिने रोगः

यो रोगका कारण काउली तथा बन्दाको डाँठको माटोको सतह नजिकको भाग कुहिन्छ र सेतो ढुसी देखिन्छ । काउलीको फूल फुलेको बेलामा बोट ओइलाउँछ र काउली र बन्दाका डाँठ भित्र काला गिर्खाहरु देखिन्छन् ।

डाँठ कुहिने रोग व्यवस्थापनका लागि:

- ✓ कपर अक्सिक्लोराइड (ब्लाइटक्स ५० डब्लु. पि.) २ ग्राम प्रति के.जि. बिउमा राखेर उपचार गर्नु पर्दछ ।
- ✓ वेभिस्टिन २ ग्राम प्रतिलिटर पानीमा मिसाएर ८ दिनको फरकमा ३ पटक बिरुवाको पातमा छर्नु पर्दछ ।
- ✓ धानबालीसँग घुम्तीबाली प्रणाली अपनाउनु पर्दछ ।

### ३.३. ब्याक्टेरियाबाट नसा कालो भई कुहिने रोग (कालो सडन):

ब्याक्टेरियाको कारण पातको छेउबाट शुरु भई अङ्ग्रेजी अक्षर भि "V" आकारको पहेँलो लक्षण देखा पर्दछ र पछि नसाहरू कालो भई बोट कुहिन्छ ।

कालो सडन रोग व्यवस्थापनका लागि:

- ✓ स्वस्थ बीउको प्रयोग गर्ने ।
- ✓ रोगी बोटबिरुवा हटाइ नष्ट गर्नु पर्दछ ।
- ✓ घुम्तीबाली प्रणाली अपनाउनु पर्दछ ।
- ✓ स्ट्रेप्टोसाइक्लिन र प्लान्टोमाइसिन १ ग्राम ५ लिटर पानीमा राखी छर्कनु पर्दछ ।



### ३.४. गाँठे रोगः

काउली तथा बन्दामा गाँठे रोगका कारण बिरुवाको वृद्धि रोकिन्छ, पहेँलिन्छ र बढ्न सक्दैन । बिरुवा उखेलेर हेरेमा जरामा गााँठो जस्तो डल्लो परेको आकार देखिन्छ । जरा बाक्लो, मोटो र ठूलो हुनाले जराको तलको भाग अत्यधिक ठूलो देखिन्छ । यो रोग लागेपछि काउली र बन्दा उत्पादन नै हुंदैन वा रोगले ढिलो आक्रमण गरेमा निकै कम मात्रामा उत्पादन हुन्छ । रोगग्रस्त बोटको जराले माटोमा रहेको खाद्य पदार्थ तथा पानी प्रयाप्त मात्रामा सोस्न वा तान्न सक्दैन जसले गर्दा बोटको बृद्धिमा प्रतिकूल असर पर्दछ । जसको फलस्वरुप उत्पादनमा प्रत्यक्ष ह्रास आउंछ । यस रोगबाट उत्पादनमा ह्रास हुनुमा, आक्रमण हुंदा बखत बोटको उमेरमा भर पर्दछ । यदि ब्याडै देखि रोग लाग्न शुरु भएमा उत्पादमा बढी ह्रास आउँदछ ।

**रोगको लक्षण :**

यो रोगको लक्षण स्वरुप बोट होचो र कमजोर देखिई पातहरु केही नुहेको जस्तो देखिन्छ । बिहानीपख वा हल्का घाम लागेको बेलामा त्यस्ता बोटहरु स्वस्थ देखिन्छन् तर घाम चर्को हुंदै गएपछि ओइलाएको देखिन्छ । त्यस्ता बोटहरु उखेर हेर्दा मुल जरामा गाँठा या डल्ला बसेका हुन्छन् भने सहायक जराहरुमा स-साना औंला जस्ता जराहरु बनेका हुन सक्छन् । तथा मसिना साधारण जराहरु कम मात्र हुन्छ । रोगको जीवाणुले प्रवेश पाएको करिब ३ हप्ता पछि मात्र जरामा गांठाहरु देखिन्छन् ।




गाँठे रोग व्यवस्थापनका लागिः

यो रोग एक पटक लागि सकेपछि यसको जीवाणु धेरै वर्षसम्म माटोमा जिवितनै रहि सहने भएकोले दिगो रुपमा जिवाणु माटोबाट निर्मूल पार्न प्राय असम्भव हुन्छ । तर एकिकृत बाली संरक्षण पद्धति (Integrated approach) बाट यस रोगको व्यवस्थापन गर्न सकिन्छ । जस अनुसार गाँठे रोग व्यवस्थापनको लागि निम्न उपायहरु अपनाउनु पर्दछ ।

- ✓ रोगमुक्त बेर्ना लगाउने
- ✓ खेती प्रणालीमा सुधार
    - *कृषि चुनको प्रयोग*
    - *अग्लो ड्याङ्गमा बाली लगाउने*
    - *घुम्ती बाली लगाउने*
    - *रोग लागेको खेत भएर बगेको पानी सिंचाईमा प्रयोग नगर्ने*
    - *प्रशस्त मात्रामा कम्पोष्ट मलको प्रयोग गर्ने*
    - *छिप्पिएको बेर्नाको प्रयोग*
- ✓ खेतबारी को सरसफाई

- *जंगली झारपातहरु निर्मूल गर्ने*
- *रोगी बोटको जराको व्यवस्थापन गर्ने*
- *कृषि औंजारको सरसफाई*

✓ विषादीको प्रयोग

नेबिजिन नामक विषादी १० किलो प्रति रोपनीका दरले जग्गा तयार गर्ने बेलामा माटोमा प्रयोग गर्ने । विषादीलाई २ ग्राम प्रतिलिटर पानीमा घोलेर काउली/बन्दा रोप्ने ड्याङ राम्ररी भिज्ने गरी छर्कन पनि सकिन्छ । यो विषादीहरुको प्रयोगबाट रोगको प्रकोप केही हदसम्म कम भएको पाइएको छ ।

## ४. काउली तथा बन्दामा लाग्ने कीरा र तिनको व्यवस्थापन

काउली तथा बन्दा खेतीका प्रमुख कीराहरू,  खुम्रे, फेदकटुवा, बन्दाको पुतली, इँटबुट्टे पुतली, लाही, पात खाने लार्भा आदि हुन् ।

### ४.१. खुम्रे कीराः

खुम्रे कीराले बिरुवाको जरा काटेर हानी पुऱ्याउँदछ । खुम्रे कीराले काटेको बिरुवाहरु ओइलाएर जान्छ ।

खुम्रे कीरा नियन्त्रणका लागिः

- ✓ बारीमा राम्ररी कुहिएको गोबरमल प्रयोग गर्ने
- ✓ खनजोत गर्दा देखिएका खुम्रे कीराहरु नष्ट गर्नु पर्दछ

### ४.२. फेदकटुवाः

यस कीराले बिरुवाहरुको फेद काटेर हानी पुऱ्याउँदछ । काटेको बिरुवाको भागलाई प्वाल भित्र लैजान्छ ।

फेदकटुवा कीराको नियन्त्रणका लागिः

- ✓ कीटनाशक विषादी (थायोडान, रोगर जस्ता) १ मि.लि. प्रतिलिटर पानीमा मिसाएर ७ दिनको फरकमा ३ पटक माटोमा साथै बिरुवाको भागहरूमा राम्ररी पर्नेगरी छर्नु पर्दछ ।

### ४.३. बन्दाको पुतलीः

बन्दाको पुतलीले पातको तल्लोपट्टिको भागमा पहेँलो फुल पार्दछ । यसको लार्भा हरियो रंगको हुन्छ र शरीरभरी काला थोप्ला र मसिना झुस हुन्छन् । उक्त लार्भाले पातको सम्पूर्ण भागहरु खाएर झिल्लीदार नसाहरु मात्र देखिने गराउँदछन् ।

बन्दाको पुतलीको नियन्त्रणका लागिः

- ✓ पहेँला फुल र लार्भाहरु जम्मागरी नष्ट गर्ने
- ✓ वि.टि. १ ग्राम प्रतिलिटर पानीमा मिसाएर ७ दिनको फरकमा ३ पटक छर्नु
- ✓ नीममा आधारित विषादीहरू निमारिन, मार्गेराम आदि ३ मि.लि. प्रतिलिटर पानीमा मिसाएर ७ दिनको फरकमा ३ पटक छर्ने
- ✓ रासायनिक विषादी छर्ने हो भने साइपरमेथ्रीन २ मि.लि. प्रतिलिटर पानीमा मिसाइ ७ दिनको फरकमा २ पटक छर्ने

### ४.४. इँटबुट्टे पुतलीः

यो एक मसिनो पुतली हो । यसको अघिल्लो पखेटामा त्रिकोणात्मक चिन्ह हसन्छ । यो पुतलीले पखेटा जोडेर बस्दा ढाडमा ३ वटा ईटा आकार बन्छ । यसले पातको हरियो भाग खान्छ र पात झिल्ली जस्तो देखिन्छ । लार्भा हरियो रङ्गको हुन्छ र एक्लै हुन्छ । गोलभैँडा र काउली बाली एकैपटक लगाउँदा गोलभैँडाको गन्धले यसको पुतलीले फुल पार्न रुचाउँदैन ।

इँटबुट्टे पुतली नियन्त्रणका लागिः

- ✓ वि.टि. १ ग्राम प्रतिलिटर पानीमा मिसाएर ३ पटक ७ दिनको फरकमा छर्ने
- ✓ नीममा आधारित विषादीहरू निमारिन, मार्गेराम आदि ३ मि.लि. प्रतिलिटर पानीमा मिसाएर ७ दिनको फरकमा ३ पटक छर्ने

### ४.५. लाही कीरा

लाही किराले पातको र कलिला मुनाहरुको रस चुसेर बिरुवामा हानी पुऱ्याउँदछ। यसले विभिन्न भाइरसजन्य रोगहरु सार्नमा मद्दत गर्दछ।

लाही कीरा नियन्त्रणका लागिः

- ✓ नीममा आधारित विषादीहरु निमारिन, मार्गेराम आदि लाई ३ मि.लि. प्रतिलिटर पानीमा मिसाएर ७ दिनको फरकमा ३ पटक छर्ने
- ✓ साइपरमेथिन २ मि.लि. प्रतिलिटर पानीमा राखी ७ दिनको फरकमा ३ पटक छर्ने
- ✓ इमिडाक्लोपिड १ मि.लि. प्रति ३ लिटर पानीमा राखी ७ दिनको फरकमा ३ पटक छर्ने

## ५. काउलीमा देखिने विकृतिहरु

### ५.१. शारीरिक विकृतिहरु

बटनिङ्ग र राइसिनेस काउलीमा देखिने  विकृतिहरु हुन् ।

**५.१.१. बटनिङ्ग :**

काउलीको कर्ड कोपी सानो गुच्चा वा मट्याङ्ग्रा जस्तो फुल्नुलाई बटनिङ्ग भनिन्छ । यसको कारण माटोमा चिस्यानको मात्रा कम भएर, नाईट्रोजनको मात्रा कम भएमा वा अगौटे जात ढिला लगाएमा यो समस्या देखिन्छ ।

व्यवस्थापन विधि

- ✓ उचित समयमा बेर्ना सारीसक्नु पर्दछ
- ✓ ठीक मात्रामा नाइट्रोजनजन्य मल प्रयोग गर्नु पर्दछ
- ✓ समयअनुसार उचित प्रकारको जात छनोट गरी खेती गर्नु पर्दछ

**५.१.२. राइसिनेस :**


काउलीबालीमा कोपीबाट फूलका डुकु पलाउने अवस्था नपुग्दै स-साना फूलका कोपिलाहरुको वृद्धि हुन्छ । यसरी कोपीमा निस्किएका मसि   ाझसहरुले काउलीलाई अनाकर्षक बनाई बजार भाउमा असर पुर्याउँदछ ।

व्यवस्थापन विधि

- ✓ कुनै निश्चित जातलाई चाहिने आवश्यक हावापानी सुहाउँदो जातको छनोट गर्नु पर्दछ
- ✓ समयमानै काउलीको बेर्ना उत्पादन गरी लगाउनु पर्दछ

### ५.२. सूक्ष्म खाद्यतत्वको कमीबाट हुने विकृतिहरु

**५.२.१. बोरन (खैरो काउली):**



बोरनको कमीले (खैरो सडन) कोपीको केन्द्र भागमा पानीले भिजेको जस्तो खैरो धब्बा देखिन्छन् । यसको कमीको लक्षण बढ्दै गएमा बोटको डाँठ भित्र खोक्रो हुन्छ । बोरनको कमी देखिएमा बोरेक्स १ के.जी. प्रति रोपनीका दरले जग्गा तयारी गर्दा माटोमा मिलाउने वा प्रत्येक खाल्डोमा अन्य खाद्यतत्वसँग बोरेक्स पाउडर आधा ग्राम माटोमा मिलाउनु पर्दछ । पातमा छर्नका लागि बोरेक्स २ ग्राम प्रतिलिटर पानीमा मिसाएर बिरुवामा छर्नु पर्दछ ।

### ५.२.२. मोलिब्डेनम (ह्विीपटेल):



मोलिब्डेनमको कमीले काउलीका पातको आकार कचौरा वा डाडु जस्तो हुन्छ । कमीको अवस्था बढ्दै गएमा बोटहरु ओइलाउँछ र अन्तमा मर्दछ । मोलिब्डेनमको कमी देखिएमा बेर्ना रोप्नु अघि ५०० ग्राम मोलिब्डेनम प्रतिरोपनी माटोमा मिसाउनु पर्दछ र बिरुवा ठूलो भएमा मल्टिप्लेक्स २ मिलिलिटर प्रतिलिटर पानीमा मिलाई छर्कनु पर्दछ ।

**सन्दर्भ सामाग्रीः**


तरकारी विकास निर्देशनालय, २०६४ । प्लाष्टिक घरमा तरकारी खेती । खुमलटार, ललितपुर ।

तरकारी विकास निर्देशनालय, २०७१ । व्यावसायीक काउली तथा बन्दा खेती । खुमलटार, ललितपुर ।

पिया, एस., र डि. भण्डारी, २०७२ । कोपी समुहका तरकारीहरुका खेती प्रविधि । बाह्य अनुसन्धान महाशाखा, खुमलटार, ललितपुर ।

बाली रोग विज्ञान महाशाखा, २०६७ । काउली वर्गको तरकारीको गाँठे रोग र त्यसको व्यवस्थापन । नेपाल कृषि अनुसन्घान परिषद्, बाली रोग विज्ञान महाशाखा, खुमलटार, ललितपुर ।

श्रेष्ठ, के.पी., २०६४ । व्यावसायीक खेती प्रविधी, आयवृद्धिको सजिलो बाटो । नेपाल कृषि अनुसन्घान परिषद्, कृषि अनुसन्घान केन्द्र, पाखिबास ।

https://en.wikipedia.org/wiki/Cabbage#Nutrition

https://en.wikipedia.org/wiki/Cauliflower#Nutrition

http://www.extension.umn.edu/garden/yard-garden/vegetables/growing-broccoli-cabbage-and-cauliflower-in-minnesota/index.html#1

जोन सञ्चालक समितिको विवरण

| समिति गठन भएको मिति | समितिका पदाधिकारीहरुको नाम | ठेगाना | पद | मोबाइल नं | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १२/०९/२०७३ | ढुण्डिराज थापा | परेवादिन ५ | संयोजक | ९८४२५९६५८६ | एसएलसी |
| | मेघ बहादुर खडका | परेवादिन ६ | उपसंयोजक | ९८५२०६२२९० | एसएलसी |
| | लाल बहादुर महतरा | मुर्तिढुङ्गा २ | सचिव | ९८४२११३०४७ | बिएड |
| | सरिता थापा | परेवादिन ५ | सहसचिव | ९८४२४४४३५१ | साक्षर |
| | खडग पौडेल | परेवादिन ६ | सदस्य | ९८४२०९५४३८ | १० कक्षा |
| | लक्ष्मण काफ्ले | मुर्तिढुङ्गा ५ | सदस्य | ९८५२०५३९८८ | आइए |
| | इन्द्र बहादुर गुरुङ्ग | ताङ्खुवा ९ | सदस्य | ९८५२०५९७५४ | ७ कक्षा |
| | नरमाया लिम्बु | ताङ्खुवा १० | सदस्य | ९८१२३५१०१३ | १० कक्षा |
| | रबिना फुदुङ्ग | परेवादिन ५ | सदस्य | ९८६२१७२३१६ | १२ कक्षा |

जोन कार्यान्वयन इकाईमा सुचिकृत भएका समुह सहकारी तथा कृषि उध्यमीहरुको विवरण

| क्र.सं. | समुह/सहकारी/उद्यमी/जल उपभोक्ता समितिको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नमुना महिला कृषक समुह | परेवादिन ५ | रविना फुदुङ्ग | ९८६२१७२३१६ |
| २ | सयपत्री कृषक समुह | परेवादिन ४ | भोज कुमार लिम्बु | ९८१४३६२९९८ |
| ३ | सरस्वती कृषि सामुदायिक कृषक समुह | परेवादिन ४ | कृष्ण प्रसाद ओझा | ९८४२२५४९३८ |
| ४ | महामाई एग्रो फर्म | परेवादिन ६ | डुवराज थापा | ९८४२३०१६९१ |
| ५ | स्कुल डाँडा महिला कृषक समुह | परेवादिन ५ | सरिता थापा | ९८४२४४४३५१ |
| ६ | लाली गुराँस कृषक समुह | परेवादिन ५ | ढुण्डीराज थापा | ९८४२५९६५८६ |
| ७ | गंगा गाई तथा कृषि फार्म | परेवादिन ४ | इन्द्र बहादुर थापा | ९८५२०५३५७१ |
| ८ | राधा गाई तथा कृषि फार्म | परेवादिन ५ | ढुण्डीराज थापा | ९८४२५९६५८६ |
| ९ | छावा खोला सिद्दवेवि ताजा तरकारी सामुदायिक संस्था | परेवादिन ४ | नेवराज ओझा | ९८४२३१७४४८ |
| १० | सिंहदेवि कृषि फार्म | परेवादिन ५ | दिल ब. थापा | ९८४२२५६३०३ |
| ११ | सिदुवा बहुउद्देश्यि सहकारी संस्था | परेवादिन ६ | हेम प्रसाद भट्टराई | ९८४२३४२५२६ |
| १२ | लालीगुँरास कृषि सामुदायिक संस्था | परेवादिन ४ | युवराज चापागाई | ९८६२१३९४४५ |

| | | | | |
|---|---|---|---|---|
| १३ | चण्डी पूर्ण महिला कृषक समुह | परेवादिन ४ | अनिता राई | ९८०५३३७५६१ |
| १४ | बोक्रे सामुदायिक कृषक समुह | परेवादिन | कृष्ण प्रसाद घिमिरे | ९८४२४४०९१२ |
| १५ | फुलवारी कृषक समुह | परेवादिन ६ | जेगिन्द्र खडका | ९८०८६९५६५ |
| १६ | गुराँस कृषक समुह | परेवादिन ६ | खगेन्द्र तामाङ्ग | ९८१९०९००४४ |
| १७ | आइतवारे कृषक समुह | परेवादिन ७ | दिपक गुरुङ्ग | ९८४११११४१ |
| १८ | टप बोक्रे कृषक समुह | परेवादिन ८ | पेम्बा शेर्पा | ९८४२३८७३४७ |
| १९ | फोक्ताङ्ग लुङ्ग कृषक समुह | तंख्वा ९ | देव कुमार लिम्बु | ९८१०५००२९२ |
| २० | सुनाखरी कृषि सामुदायिक संस्था | परेवादिन ५ | हिक्मत ब. थापा | ९८६१११४५७१ |
| २१ | छथर खजुम कृषक समुह | तांख्वा ९ | भक्त ब. लिम्बु | ९८४२३६५२१८ |
| २२ | गुरुङ्गटोल कृषक समुह | परेवादिन ५ | इन्द्र ब. गुरुङ्ग | ९८१४३२५२३२ |
| २३ | सिंहदेवि कृषि फार्म | परेवादिन ६ | घमण्ड ब. थापा | ९८४२०७००८५ |
| २४ | साझा कृषि समुह | परेवादिन ४ | सविन लिक्बु | ९८०२७०७४५३ |
| २५ | नितेश ब्रदर्श कृषि फार्म | परेवादिन ५ | बल ब. राई | ९८५२०५०३१३ |
| २६ | महामयी कृषि सामुदायिक संस्था | परेवादिन ६ | खडग ब. पौडेल | ९८४२०९५४३८ |
| २७ | समावेशी कृषक समुह | परेवादिन ५ | तेर्फब.राई | ९८५२०६१०४८ |
| २८ | फोक्ताजुङ्ग कृषि कमुह | परेवादिन ३ | शान्त कुमार लिम्बु | ९८१२३८७४०४ |
| २९ | सिधुवा कृषि भण्डार | मूर्तिढुङ्गा १ | मेघेन्द्र गुरुङ्ग | ९८४२३६६६२४ |
| ३० | सगरमाथा कृषि समुदायिक संस्था | परेवार्ािदिन ६ | राम ब. थापा | ९८१०५६९९४८ |
| ३१ | सिद्र्देवि भण्डारी एकिकृत कृषि फार्म | मुर्तिढुङ्गा ५ | गोविन्द भण्डारी | ९८५२०६१२५७ |
| ३२ | पञ्कन्या कृषक समुह | मुर्तिढुङ्गा ५ | प्रेम प्रसाद ढकाल | ९८४२४५४०५५ |
| ३३ | पञ्चकन्या कृषि कमुह | परेवादिन ६ | जित ब. विष्ट | ९८४२०७०६२८ |
| ३४ | पंचकन्या एग्रो फार्म | परेवादिन ६ | एम ब.विष्ट | ९८४स११९९७६ |
| ३५ | अधिकारी एकिकृत कृगिा फार्म | मुर्तिढुङ्गा ५ | भिम शंकर अधिकारी | ९८५२०५०३२७ |
| ३६ | सरस्वती कृषि सामुदायिक संस्था | परेवादिन ६ | क्मल ब. खडका | ९८४२४२२३०५ |
| ३७ | फाल्गुणा कृषि एग्रो फार्म | परेवादिन ६ | राम चन्द्र खडका | ९८०४३९२९९३ |
| ३८ | जनजाती महिला कृषक समुह | मूर्तिढुङ्गा ३ | जया मगर | ९८६२०५०५८३ |
| ३९ | छारापानी कृषि सहकारी संस्था | तांख्वा ८ | लोक ब. खडका | ९८४२४८३२२० |
| ४० | कालिका खोला स्वयम जागरण कृषक समुह | मूर्तिढुङ्गा ५ | कुल चन्द्र बि.क. | ९८४२३६७१८१ |
| ४१ | सुनौलो महिला कृषि समुह | मूर्तिढुङ्गा २/५ | कल्पना थापा | ९८४२४४११२८ |
| ४२ | न्यू सिंहदेवि कृषि फार्म | मूर्तिढुङ्गा २ | देव ब. कार्की | ९८४२२५६४४६ |
| ४३ | रविना एग्रो फार्म | परेवादिन ६ | दुर्गा ब. पौडेल | ९८६२१५८०५८ |
| ४४ | पन्चकन्या गौरीटोल कृषि सामुदायिक संस्था | परेवादिन ६ | मेघ ब. खडका | ९८५२०६२२९० |
| ४५ | जलकन्या कृषक समुह | मूर्तिढुङ्गा ६,८,९ | दोर्ण ब. नेपाल | ९८५२०५०४७१ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | यशुदा गाई तथा एग्रो फार्म | परेवादिन ८ | डेगमाया श्रेष्ठ | ९८१९०८०९६८ |
| ४७ | देउराली बहुउद्देश्य कृषक समुह | परेवादिन ८ | पासाङ्ग दावा शेर्पा | ९८५२०५२८३८ |
| ४८ | बोक्रे बहुउद्देश्य गाई तथा एग्रो फार्म | परेवादिन ८ | फूर्वा रेञ्जिङ्ग शेर्पा | ९८१०४१५७९५ |
| ४९ | जाल्पादेवि एकिकृत कृषि फार्म | मूर्तिढुङ्गा ५ | केशव काफले | ९८४२०८३६२६ |
| ५० | चन्द्रमाया एकिकृत कृषि फार्म | मूर्तिढुङ्गा ५ | सुमन निरौला | ९८४२०८३६२६ |
| ५१ | गणेश गाई कृषि फार्म | मूर्तिढुङ्गा ५ | दुर्गा ब. नेपाल | ९८४२४४०८८१ |
| ५२ | उन्नती महिला कृषक समुह | मूर्तिढुङ्गा २ | पुनम कार्की | ९८४२४४११२६ |
| ५३ | पिपलडाँडा महिला कृषक समुह | मूर्तिढुङ्गा ६ | गीता श्रेष्ठ | ९८६१०८९२४६ |
| ५४ | न्या प्रविभिक कृषि समुह | मूर्तिढुङ्गा २ | अर्जुन ब. भण्डारी | ९८४२०७०६४३ |
| ५५ | कालिकादेवि महिला कृषक समुह | मूर्तिढुङ्गा २ | चन्द्रकला भण्डारी | ९८१५३७२९२४ |
| ५६ | सृजनशिल कृषक समुह | तंख्वा ९ | कृष्णराज लिम्बु | ९७४२००८११८ |
| ५७ | पञ्चदेवि कृषि सामुदायिक संस्था | परेवादिन २ | चन्द्र कुमार लिम्बु | ९८१५३२०८९८ |
| ५८ | आदर्श कृषि उत्पादक कृषक समुह | मूर्तिढुङ्गा ५ | विर ब. ककार्की | ९८५२०५३९८८ |
| ५९ | विश्व शान्ति ताजा तरकारी उत्पादक कृषक समुह | मूर्तिढुङ्गा ५ | चेतनाथ अधिकारी | ९८४२३१३९३७ |
| ६० | प्रगति महिला विकास कृषक समुह | मूर्तिढुङ्गा ५ | चेतमाया कार्की | ९८१९०२२३८२ |
| ६१ | मुर्तिमहेश्वर कृषि उत्पादक कृषक समुह | मूर्तिढुङ्गा ७ | सोभित काफले | ९८४२१७९०२१ |
| ६२ | कालिकादेवि वेमौषमी ताजा तरकारी कृषक समुह | मूर्तिढुङ्गा २ | रित ब.भण्डारी | ९८४२४९८१२२ |
| ६३ | विस्समुरे कृषि समुह | मूर्तिढुङ्गा ४ | रितुवर्ण भण्डारी | ९८६२०३१४०२ |
| ६४ | हिम शिखर कृषक जागरण समुह | ताँख्वा ९ | इन्द्र ब. गुरुङ्ग | ९८५२०५९७५४ |
| ६५ | सिंहदेवि कृषक समुह | ताँख्वा ८ | जगत ब. सिंजाली | ९८२४३५७०१६ |
| ६६ | ह्वेरुहाङ्ग कृषि समुह | परेवादिन ९ | टिका थोक्लेन | |
| ६७ | गाउँ बेशि कृषक समुह | ताँख्वा ९ | | |
| ६८ | जनजागरण कृषक समुह | ताँख्वा ९ | | |
| ६९ | सूर्योदय कृषक समुह | मूर्तिढुङ्गा १ | गितादेवि पौडेल | |
| ७० | अरुण वरुण महिला कृषक समुह | मूर्तिढुङ्गा १ | रिमामाया थापा | ९८४२०७९१४३ |
| ७१ | सुन्दर निगाले कृषक समुह | मूर्तिढुङ्गा ६,९ | भिमराज खडका | ९८४२०७९१४ |
| ७२ | जाल्पादेवि स्वावलम्बी कृषक समुह | मूर्तिढुङ्गा ९ | जुद्धविर बि.क. | ९८६२१५६२४८ |
| ७३ | मखमली कृषि फार्म | मूर्तिढुङ्गा १ | नारायण थापा | ९८४२३६६२६९ |
| ७४ | न्यू सिद्दकाली कृषि तथा पशुपालन फार्म | मूर्तिढुङ्गा ५ | हरि प्रसाद काफले | ९८५२०५०७१८ |
| ७५ | शिरिसे कृषक समुह | मूर्तिढुङ्गा २ | मान ब. तामाङ्ग | ९८४९११९४२४ |
| ७६ | उत्पादनशिल कृषि फार्म | मूर्तिढुङ्गा ३ | टेक ब. थापा | ९८४२११६०१६ |
| ७७ | न्यू मूर्तिमहेश्वर कृषिसमुह | मूर्तिढुङ्गा ७ | चेत ब. बराल | ९८०३९३९२३४ |

| | | | | |
|---|---|---|---|---|
| ७८ | उन्नतीशिल कृषि समुह | मूर्तिढुङ्गा ५ | भेष कुमारी बि.क. | |
| ७९ | मुडुला कार्की कृषि फार्म | मूर्तिढुङ्गा २ | म्न ब.कार्की | ९८४२३०१२४० |
| ८० | समृद्दि कृषि फार्म | मूर्तिढुङ्गा २ | लल ब. महतरा | ९८४२११३०४७ |
| ८१ | सुनाखरी कृषि समुह | मूर्तिढुङ्गा ३ | धन ब.तामाङ्ग | ९८६२०३३०८५ |
| ८२ | अन्नपूर्ण कृषक समुह | मूर्तिढुङ्गा २,३,५ | छत्र ब. मादेन | ९८४२२२०२०२ |

जोन कार्यान्वयन इकाई बाट लाभान्वित कृषक तथा क्षेत्रको विवरण

| **ढाकेको क्षेत्र/ठेगाना** | **सुपरजोन/जोनले ढाकेको क्षेत्रफल** | **लाभान्वीत समुह/सहकारी/ उद्यमीको संख्या** | **लाभान्वीत जनसंख्या** | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **महिला** | **पुरुष** | **दलित** | **जनजाती** | **अन्य** | **कूल जम्मा** |
| परेवादिन , मुर्तिढुङ्गा, ताङ्खुवा | ७६२ हेक्टर | ८२ | ५६७ | ९५९ | ५८ | ६८१ | ७८७ | १५२६ |

आव २०७३ ०७४ मा सञ्चालन भएका साना सिचाई कार्यक्रमका विवरण

| क्रम सख्या | आयोजना/कार्यक्रमको नाम | विनियोजित अनुदान बजेट रकम (बजेट रु. लाखमा) | समूह | जम्मा लाभान्वित कृषक संख्या | सिचाइले ढाकेको क्षेत्रफल | सम्वन्धित व्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | पाइप सिचाई आयोजना | ०.५० | समूह | २१ | १४८ रोपनी | पेम्वा शेर्पा ९८४२३८७३४७ |
| २ | पाइप सिचाई आयोजना | ०.५१ | समूह | ३० | | मान बहादुर तामाङ्ग ९८२३२६२९३६ |
| ३ | पाइप तथा ट्याकीं निर्माण | ०.४१ | उन्नतशिल कृषि मुर्तिढुङ्गा ५ | १६ | १२७ रोपनी | भेष कुमारी विक ९८०७३५१००८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्लास्टिक पोखरी निर्माण | ०.४४ | जालपादेवी स्वावलम्वी कृषि, मुर्तिढुङ्गा ९ | २४ | १० रोपनी | नारायण वराइलि ९८४२२७३०७८ |
| ५ | पाइप तथा ट्याकीं निर्माण | ०.५० | पंचकन्या गैरीटोल कृषि, परेवादिन ६ | १८ | २६० रोपनी | भिम बहादुर खड्का ९८४११४२४ |
| ६ | पाइप तथा ट्याकीं निर्माण | ०.६९ | चण्डि पुर्णे महिला कृषि, परेवादिन ५ | २६ | ३४५ रोपनी | अनिता राई ९८०७३३७५६१ |
| ७ | प्लास्टिक पोखरी निर्माण | ०.४९ | पंचदेवी कृषि परेवादिन २ | २२ | ४३ रोपनी | चन्द्र कुमार लिम्वु ९८१५३२०८९८ |
| ८ | पाइप सिचाई आयोजना | ०.५१ | साझा कृषि परेवादिन ४ | २० | | सविन लिम्वु ९८०२७०७४५३ |
| ९ | पाइप सिचाई आयोजना | ०.६५ | सरस्वती कृषि परेवादिन ४ | १० | १४५ रोपनी | कृष्ण प्रसाद अझा ९८४२२५४९३८ |
| १० | पाइप सिचाई आयोजना | ०.६४ | अरुण वरुण महिला कृषि मुर्तिढुङ्गा | २० | ६१ रोपनी | रिमा माया थापा ९८४२५५०२०१ |
| ११ | पाइप तथा ट्याकीं निर्माण | ०.४१ | सुनौलो महिला कृषि मुर्तिढुङ्गा २ | १५ | ८० रोपनी | कल्पना थापा ९८४२४४१११२८ |
| १२ | पाइप खरिद योजना | ०.६० | बोक्रे सामुदायिक कृषि परेवादिन ८ | १२ | २१९ रोपनी | कृष्ण प्रसाद घिमिरे ९८४२४४०९१२ |
| १३ | पाइप खरिद योजना | ०.६४ | गाउ बेशी कृषि ताङ्ख्वा ९ | २५ | ८९ रोपनी | चोक बहादुर मगर ९८१५३१०९४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | पाइप खरिद योजना | ०.६२ | फोक्ताङ्गलुङ्ग कृषि ताङ्ख्वा ९ | १३ | २०० रोपनी | चन्द्र बहादुर लिम्वु ९८१८९५०४१२ |
| १५ | पाइप खरिद योजना | ०.६४ | लालिगुरास कृषि परेवादिन ५ | १५ | ५०० रोपनी | सोम बहादुर भट्टराई |
| १६ | पाइप खरिद योजना | ०.५८ | फोक्ताजुङ्ग कृषि परेवादिन ३ | ३० | ४०० रोपनी | शान्ता कुमार लिम्वु |
| १७ | पाइप सिचाई आयोजना | ०.६६ | जनजाति महिला कृषि मुर्तिढुङ्गा ३ | २५ | १०५ रोपनी | जया मगर ९८६२०५०५८३ |
| १८ | पाइप सिचाई आयोजना | ०.५० | विसमुरे कृषि मुर्तिढुङ्गा ४ | २७ | १३७ रोपनी | श्रृतु वर्ण भण्डारी ९८६२०३१४०२ |

आव २०७३ ०७४ मा सम्पन्न भएका संकलन केन्द्रहरु

| कार्यक्रमको नाम | विनियोजित अनुदान बजेट रकम (बजेट रु. लाखमा) | समूह | जम्मा लाभान्वित कृषक संख्या | मूख्य मूख्य उपलब्धिहरु (क्षेत्रफल, उत्पादन, रोजगारी, मेशिनरी औजार उपकरण तथा भौतिक संरचना लगायतको विवरण) | सम्वन्धित व्यक्ति |
|---|---|---|---|---|---|
| पोष्ट हार्भेष्ट सेन्टर | ६.५० | पंचकन्या कृषक समूह मुर्तिढुङ्गा ५ | ९२ | ९०० रोपनी उत्पादन क्षेत्रफल समेट्ने गरी एक सकलन केन्द्र निर्माण | प्रेम प्रसाद ढकाल ९८४२४५४०५५ |
| पोष्ट हार्भेष्ट सेन्टर | ४.५० | सगरमाथा कृषि सामुदायिक संस्था परेवादिन ६ | २१ | २१० रोपनी उत्पादन क्षेत्रफल समेट्ने गरी एक सकलन केन्द्र निर्माण | राम बहादुर थापा ९८१०५६९९४८ |
| पोष्ट हार्भेष्ट सेन्टर | ४.५० | सुनाखरी कृषक समुह मुर्तिढुङ्गा ३ | २२ | ९० रोपनी उत्पादन क्षेत्रफल समेट्ने गरी एक सकलन केन्द्र निर्माण | धन बहादुर तामाङ्ग ९८६२०३३०८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| पोष्ट हार्भेष्ट सेन्टर | ४.५० | गुरुङ्गटौल कृषक समुह परेवादिन ५ | १८ | २०० रोपनी उत्पादन क्षेत्रफल समेट्ने गरी एक सकलन केन्द्र निर्माण | इन्द्र बहादुर गुरुङ्ग ९८१४३२५२३२ |

| विनियोजित अनुदान बजेट रकम (बजेट रु. लाखमा) | खर्च भएको अनुदान बजेट रकम (बजेट रु. लाखमा) | समूह | जम्मा लाभान्वित कृषक संख्या | सामागी्र विवरण | सम्वन्धित व्यक्ति |
|---|---|---|---|---|---|
| ८.५२० | | लालिगुरस कृषि सामुदायिक संस्था, परेवादिन ४ | १९ | ट्र्याक्टर खरिद, स्प्रेयर ५ थान | रमेश चापागाई ९८६५७२७५९४ |
| ८.९५ | | लालिगुरस कृषक समुह, परेवादिन ५ | २३ | ट्र्याक्टर खरिद, स्प्रेयर ६ थान, मिनिटिलर १ थान ७ एचपि डिजल | सोम बहादुर भट्टराई ९८४२३४६९२४ |
| ०.४२५ | | जन जागरण कृषक समुह, ताङ्खुवा ९ | २३ | मिनिटिलर १ थान ७ एचपि डिजल | कृष्ण कुमार मगर ९८१४३४४१९८ |
| ०.२२ | | पिपलडाडा महिला कृषक समुह, मुर्तिढुङ्गा ६ | ३६ | स्प्रेयर ५ थान, टनेल ५ थान | गिता श्रेष्ठ ९८४२२७३३५१ |
| ०.४९ | | सरस्वती कृषि सामुदायिक संस्था, परेवादिन ४ | २३ | इलेक्ट्रिक स्प्रे १ थान, स्प्रेयर ३ थान, मिनिटिलर १ थान ७ एचपि डिजल | कृष्ण प्रसाद आझा ९८४२४५४९३८ |
| ०.०५ | | पञ्चदेवी कृषि सामुदायिक संस्था, परेवादिन २ | २२ | स्प्रेयर ५ थान, | चन्द्र कुमार लिम्वु ९८१५३२०८९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ०.०२७ | | फोक्तालुङ्ग कृषक समुह, परेवादिन ३ | २३ | स्प्रेयर ३ थान | शान्त बहादुर लिम्वु ९८१२३८७४०४ |
| ०.६२ | | उन्नति महिला कृषक समुह, मुर्तिढुङ्गा २ | ३० | स्प्रेयर १० थान, टनेल १५ थान | पुनम कार्की ९८४२०६२४७२ |
| ०.४७० | | गुरास कृषक समुह, परेवादिन ३ | २३ | स्प्रेयर ५ थान, मिनिटिलर १ थान ७ एचपि डिजल | खगेन्द्र तामाङ्ग ९८१९०९००४४ |

आव २०७३ ०७४ मा कृषि प्राविधिक शिक्षालय स्थापना\संचालन सहयोगको विवरण

| विनियोजित अनुदान बजेट रकम (बजेट रु. लाखमा) | अनुदानग्राही संस्था | जम्मा लाभान्वित | मूख्य मूख्य उपलब्धिहरु | सम्वन्धित व्यक्ति |
|---|---|---|---|---|
| ५.०० | उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा | २१ | थोपा सिचाई सहितको प्लास्टिक घर तथा मिष्टीङ्ग हाउस निर्माण साथै औजार उपकरण हस्तान्तरण हुने | डा उत्तिम साह ९८५२०५०२९७ |

कस्टम हायरिङ्ग सेन्टर अन्तर्गत आव २०७३ ०७४ मा वितरण गरिएको सामाग्रीको विवरण

| क्रम संख्या | विनियोजित अनुदान बजेट रकम (बजेट रु. लाखमा) | समूह | जम्मा लाभान्वित कृषक संख्या | सामाग्री विवरण | सम्वन्धित व्यक्ति |
|---|---|---|---|---|---|
| १ | ८.५२० | लालिगुरस कृषि सामुदायिक संस्था, परेवादिन ४ | १९ | ट्रयाक्टर खरिद, स्प्रेयर ५ थान | रमेश चापागाई ९८६७७२७५९४ |
| २ | ८.९५ | लालिगुरस कृषक समुह, परेवादिन ५ | २३ | ट्रयाक्टर खरिद, स्प्रेयर ६ थान, मिनिटिलर १ थान ७ एचपि डिजल | सोम बहादुर भट्टराई ९८४२३४६९२४ |
| ३ | ०.४२५ | जन जागरण कृषक समुह, ताङ्खुवा ९ | २३ | मिनिटिलर १ थान ७ एचपि डिजल | कृष्ण कुमार मगर ९८१४३४४१९८ |
| ४ | ०.२२ | पिपलडाडा महिला कृषक समुह, मुर्तिढुङ्गा ६ | ३६ | स्प्रेयर ५ थान, टनेल ५ थान | गिता श्रेष्ठ ९८४२२७३३५१ |
| ५ | ०.४९ | सरस्वती कृषि सामुदायिक संस्था, परेवादिन ४ | २३ | इलेक्ट्रिक स्प्रे १ थान, स्प्रेयर ३ थान, मिनिटिलर १ थान ७ एचपि डिजल | कृष्ण प्रसाद आझा ९८४२४५४९३८ |
| ६ | ०.०५ | पञ्चदेवी कृषि सामुदायिक संस्था, परेवादिन | २२ | स्प्रेयर ५ थान, | चन्द्र कुमार लिम्वु ९८१५३२०८९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २ | | | |
| ७ | ०.०२७ | फोक्तालुङ्ग कृषक समुह, परेवादिन ३ | २३ | स्प्रेयर ३ थान | शान्त बहादुर लिम्वु ९८१२३८७४०४ |
| ८ | ०.६२ | उन्नति महिला कृषक समुह, मुर्तिढुङ्गा २ | ३० | स्प्रेयर १० थान, टनेल १५ थान | पुनम कार्की ९८४२०६२४७२ |
| ९ | ०.४७० | गुरास कृषक समुह, परेवादिन ३ | २३ | स्प्रेयर ५ थान, मिनिटिलर १ थान ७ एचपि डिजल | खगेन्द्र तामाङ्ग ९८१९०९००४४ |